मा. दिपक खड्का
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
www.moewri.gov.np

पत्र संख्या: ०८१/८२
चलानी नं: १२२

# प्रेस विज्ञप्ती

डोल्पा जिल्लामा निर्माणाधीन जगदुल्ला अर्ध जलाशययुक्त आयोजना (१०६ मेगावाट) को निर्माण कार्यको ठेक्का आह्वानको विषयलाई लिएर केही सञ्चार माध्यमले माननीय उर्जा, जलस्रोत तथा सिंचाइमन्त्री मा. दिपक खड्कालाई जोडेर प्रकाशित समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडको छुट्टै सञ्चालक समिति हुने भएकोले उक्त सञ्चालक समितिमा माननीय मन्त्रीज्यू संलग्न हुने कुनै कानूनी व्यवस्था छैन । आफूसँग नजोडिएको विषयलाई लिएर विभिन्न सञ्चार माध्यमले प्रकाशन गरेको कपोलकल्पित एवं भ्रामक समाचारप्रति हाम्रो गम्भीर आपत्ति रहेको छ । प्रकाशित समाचार सामाग्रीमा न्यूनतम सत्यतथ्य समेत एकीन नगरी समाचार प्रकाशन गरेको पाईयो । सञ्चार माध्यमहरुले समाचार प्रकाशन गर्नुपूर्व अपनाउनुपर्ने सचेतना एवम् पत्रकारिताको मर्म र आचारसहिता समेतको ख्याल गरेको पाईएन । माननीय मन्त्रीजस्तो सामाजिक मर्यादामा रहने सार्वजनिक ओहोदामा रहेको व्यक्तिको सम्वन्धमा समाचार सम्प्रेषण गर्दा तथ्य यकिन गर्ने खोजपूर्ण र प्रमाणमा आधारित प्रक्रिया समेत अपनाएको पाईएन ।

प्रकाशित समाचारका सम्वन्धमा सम्वन्धीत जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडले समेत प्रेस विज्ञप्ती जारी गरी प्रकाशित समाचार सामाग्री कपोलकल्पित, भ्रामक एवम् तथ्यहिन भएको स्पष्ट पारिसकेको अवस्था छ । यसरी तथ्यहिन समाचार सामाग्री प्रकाशन गर्दा माननीय मन्त्रीजस्तो सामाजिक सार्वजनिक ओहोदामा आसिन व्यक्तिको राजनीतिक एवम् सामाजिक चरित्रमा दाग लाग्ने एवं शारीरिक एवम् मानसिक क्षति हुने हुन्छ । यसको शोध भर्ना कहिँ कतैबाट हुनै सक्दैन । यस्तो गम्भीर विषयमा राष्ट्रको चौँथो अंगका रुपमा रहेको सञ्चार माध्यमले यस्तो गम्भीर लापरवाही गर्नु कति शोभनीय हुन्छ ?

अत: सम्वन्धीत कम्पनीले जारी गरेको विज्ञप्तीमा माननीय मन्त्रीज्यूको कुनैपनि प्रकारको संलग्नता नभएको उहाँले विधिसम्मत ठेक्का प्रक्रियामा कुनैपनि प्रकारको निर्देशन नदिनुभएको भनीस्पष्ट पारिसकेको छ । यस्तो सन्दर्भमा यस विषयलाई थप जालझेलको विषय नबनाउन र आफ्नो स्वार्थको रोटी सेक्ने काम नगर्नुहुन आम सञ्चार माध्यम, नागरिक समाज र सम्वद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । मन्त्री र मन्त्रालयजस्तो गरिमामय संस्थाको विना आधार धज्जी उडाउने कार्यले किमार्थ कसैको हित हुनै सक्दैन । यस अघि प्रकाशित समाचारको धरातल तथ्य
हिन भएको सन्दर्भमा ज-जसले उक्त सामाग्री प्रकाशन गर्नुभएको छ, सो सामाग्री तत्काल हटाउनुहुन र खण्डन प्रकाशित गरिदिनुहुन समेत सम्वद्ध सबैमा हार्दिक अपिल गर्दछौं । अन्यथा, प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन बाध्य हुने व्यहोरा जानकारी गराउँदछौं ।

भुपालमान बस्नेत
स्वकिय उपसचिव
मिति : २०८१/०९/२३